# सेताम्मे फुल्यो काँस

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, असोज ८ गते*

सिन्धुली जिल्लाको चुरे भावर क्षेत्रका नदी तथा खोलाका बगर यतिबेला सेताम्मे बनेका छन् । नदी किनारदेखि फराकिला बगरसम्म ढकमक्क फुलेको काँसले उजाड देखिने भूभागलाई आकर्षक बनाएको छ। शरद् ऋतुको आगमनसँगै फुलेको काँसले नदी किनारमा छुट्टै प्राकृतिक सौन्दर्य थपेको छ।

सिन्धुलीका सुनकोशी, कमला, मरिण, चँदाहा र तावालगायत नदी तथा खोलाका तटीय क्षेत्रमा अहिले काँस फुलेर सेताम्मे बनेको छ। बगरभरि एकै पटक फुलेका काँसका फूलले यात्रुलाई समेत आकर्षित गर्न थालेको छ। विशेष गरी बिपी राजमार्ग र मदन भण्डारी राजमार्ग हुँदै यात्रा गर्नेहरू नदी किनारका सेता बगरतर्फ आकर्षित हुने गरेका छन् ।

शरद् ऋतुमा सेताम्मे देखिने काँसलाई स्थानीयले नेपाली चाडपर्वको आगमनसँग जोड्ने गरेका छन् । तिज, दसैँतिहार र छठपर्व नजिकिँदै गर्दा काँस फुल्ने भएकाले यसलाई चाडपर्वको आगमनको सङ्केतका रूपमा लिने गरिएको स्थानीय बताउँछन् । काँस फुलेपछि रोगव्याधि हट्ने र किसानले लगाएको बालीनाली सप्रिने जनविश्वाससमेत रहेको छ।

गोलन्जोर गाउँपालिका–७, खुर्कोटका शरद आचार्यका अनुसार बिपी राजमार्गको किनारमा रहेको अँधेरीखोलाको बगरमा यस वर्ष पनि बाक्लो काँस फुलेको छ। काँस फुलेपछि बगरको स्वरूप नै फेरिएको उहाँले बताउनुभयो। "अँधेरीखोलाको बगरमा हेर्दा मनै लोभ्याउने गरी काँस फुलेको छ," उहाँले भन्नुभयो, "काँस फुलेको ठाउँमा फोटो खिच्ने र केहीबेर रोकिएर रमाउनेहरू पनि देखिन थालेका छन् ।"

स्थानीयका लागि काँस सौन्दर्यको विषय मात्र होइन। गाउँघरमा यसको बहुउपयोग हुँदै आएको छ। काँसका डाँठ तथा पात घर छाउन तथा पशुचौपायाका लागि घाँसका रूपमा प्रयोग गर्ने चलन अझै कतिपय ठाउँमा कायम छ। पछिल्ला वर्षमा नदी तथा खोलाका बगरमा चरिचरन नियन्त्रण हुन थालेपछि काँस आफैँ फैलिन थालेको स्थानीय बताउँछन् । काँसको प्राकृतिक विस्तारले बगर संरक्षणमा समेत योगदान पुऱ्याएको स्थानीयको अनुभव छ। नदी किनारमा जरा फैलाएर उम्रने काँसले माटो समातेर राख्ने भएकाले वर्षायाममा हुने कटान रोक्न केही सहयोग पुग्ने उनीहरूको भनाइ छ।

यसको उदाहरण कमलामाई नगरपालिका–१० दोभानमा देख्न सकिन्छ। केही वर्षअघिसम्म कमला नदीको कटानले उजाड र मरुभूमि जस्तो बनेको दोभानको बगर अहिले काँस, घाँस तथा विभिन्न प्रजातिका वनस्पतिले हराभरा बन्न थालेको छ। नदी कटान नियन्त्रणका लागि सरकारी निकायबाट अपेक्षित सहयोग नपाएपछि स्थानीयले आफ्नै पहलमा बगरमा चरिचरन बन्द गरी जैविक विविधता संरक्षण अभियान सञ्चालन गरेका थिए। जैविक विविधता संरक्षण समितिका अध्यक्ष देवीबहादुर पाठकका अनुसार चरिचरन बन्द गरेपछि बगरमा काँस उम्रिन थालेको हो। त्यससँगै अन्य वनस्पति र रुखका बिरुवासमेत हुर्किन थालेका छन् । "कमला नदीले कटान गरेर सेतो बगरमा परिणत गरेको जमिन अहिले हरियाली बन्न थालेको छ," उहाँले भन्नुभयो, "चरिचरण रोकिएपछि काँस आफैँ फैलियो। अहिले त कतिपय ठाउँ खेतीयोग्य जमिनका रूपमा समेत प्रयोग हुन थालेका छन् ।"

दोभानका करिब १६० घरधुरी जैविक विविधता संरक्षण अभियानमा सहभागी रहेको अध्यक्ष पाठकले बताउनुभयो। उहाँका अनुसार बगर संरक्षण भएपछि एकातर्फ नदी कटानको जोखिम घट्दै गएको छ भने अर्कातर्फ संरक्षण गरिएको क्षेत्रमा घाँस, काठ तथा फलफूलका बिरुवा हुर्काएर भविष्यमा आम्दानीको स्रोतसमेत बनाउन सकिने अवस्था बनेको छ।



तस्बिर : बाबुराम देवकोटा

**सिन्धुलीको गोलन्जोर गाउँपालिका–७ स्थित अँधेरीखोलामा सेताम्मे फुलेको काँस ।**

# परामर्शले जोगिन्छ जीवन

**सरोज ढुङ्गेल**
*काठमाडौँ, असोज ८ गते*

आत्महत्याको जोखिम समयमै पहिचान गर्न नसकेरै धेरैको मृत्यु हुने गरेको छ। आत्महत्याको जोखिममा रहेका व्यक्तिको अवस्था समयमै पहिचान गरी संवाद, परामर्श र उपचारमा जोड्न सके आत्महत्याबाट हुने धेरै मृत्यु रोक्न सकिने चिकित्सकको ठम्याइ छ। वरिष्ठ मनोचिकित्सक डा. सरोजप्रसाद ओझाले परिवार र समुदायले सङ्कटमा रहेका व्यक्तिलाई साथ दिन सक्नुपर्ने बताउनुभयो। सङ्कटमा रहेका व्यक्तिलाई एक्लो महसुस हुन नदिई आफ्नो समस्या खुलेर राख्न सक्ने वातावरण बनाउनु आत्महत्या रोकथामको महत्त्वपूर्ण आधार भएको उहाँ बताउनुहुन्छ।

नेपालमा आत्महत्या रोकथामका थुप्रै प्रयास भए पनि यसबाट हुने मृत्युको सङ्ख्या भने उच्च छ। नेपाल प्रहरीको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा सात हजार १३२ जनाको आत्महत्याका कारण मृत्यु भएको छ। आत्महत्या रोकथामलाई अस्पताल र स्वास्थ्य संस्थामा सीमित नराखी परिवार, विद्यालय, समुदाय र स्थानीय तहसम्म विस्तार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार विश्वमा हरेक वर्ष सात लाख २० हजारभन्दा बढी मानिसले आत्महत्याका कारण ज्यान गुमाउने गरेका छन् । विश्वमा हुने आत्महत्यामध्ये ७३ प्रतिशत न्यून तथा मध्यम आय भएका देशमा हुने गरेको छ। सन् २०२१ मा आत्महत्याको वार्षिक वृद्धि दर १४ प्रतिशत पुगेको थियो। आत्महत्याको जोखिममा किशोरकिशोरी तथा ज्येष्ठ नागरिक विशेष संवेदनशील समूहमा मानिन्छन् । ज्येष्ठ नागरिकमा दीर्घरोग, एक्लोपन, आश्रित अवस्था, बेवास्ता, जीवनसाथीको मृत्यु, सामाजिक तथा मानसिक स्वास्थ्यसम्बन्धी समस्याका जोखिम आत्महत्याका प्रमुख कारण रहेको डा. ओझाले बताउनुभयो।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तर्गत नसर्ने रोग विभाग प्रमुख डा. पोमावती थापा आत्महत्याको जोखिममा रहेका व्यक्तिको समयमै पहिचान र आवश्यक सहयोगमा जोड दिनुहुन्छ। मानसिक स्वास्थ्य समस्या, पारिवारिक तनाव, आर्थिक कठिनाइ, सामाजिक एक्लोपन, हिंसा, दुर्व्यवहार तथा आघातजन्य घटनाले व्यक्तिलाई मानसिक सङ्कटमा पुऱ्याउन सक्ने भएकाले यस्ता जोखिमका सङ्केतलाई बेवास्ता गर्न नहुने उहाँको भनाइ छ। वरिष्ठ मनोचिकित्सक डा. ओझाले व्यक्तिको व्यवहारमा अचानक परिवर्तन आएमा त्यसलाई सामान्य ठानेर बेवास्ता नगरी कारण बुझ्ने प्रयास गर्नुपर्ने सुझाव दिनुभयो। निराशा बढ्नु, सामाजिक सम्पर्कबाट टाढिनु, अत्यधिक तनावमा रहनु, आफूलाई असहाय महसुस गर्नु वा जीवनप्रति रुचि घट नु जस्ता अवस्थालाई गम्भीर रूपमा लिनुपर्ने उहाँको भनाइ छ।

# सिद्धबाबाको पहिरो सधैँको चिन्ता

**तानसेन समाचारदाता**
*तानसेन, असोज ८ गते*

पाल्पा–बुटवल सडकमा बर्सौंदेखि सवारी चलाउँदै आउनुभएका तानसेनका शर्माप्रसाद श्रेष्ठलाई सिद्धबाबा क्षेत्रमा खसिरहने पहिरोको चिन्ता सधैं परिरहन्छ। पानी परे पनि, घाम लागे पनि उहाँलाई पहिरोको चिन्ताले सधैँ सताउने गरेको छ। सिद्धबाबामा खसिरहने पहिरोले उहाँको मात्र होइन, सिद्धार्थ राजमार्गमा यात्रा गर्ने चालक तथा यात्रुको पनि बर्सौंदेखिको चिन्ताको विषय बनेको छ। चर्को घाम लागेको बेला खस्ने ढुङ्गा होस् या बर्सातमा खस्ने लेदोसहितको पहिरो त्यसबाट बचेर यात्रा गर्नुपर्ने बर्सौंदेखिको बाध्यता बनेको छ।

सिद्धार्थ राजमार्गको तिनाउ–३ स्थित सिद्धबाबा क्षेत्रको तीन किलोमिटर सडक अत्यधिक जोखिममा रहेको छ। सडकमाथिबाट खस्ने ढुङ्गा र पहिरोले हरेक वर्ष मानिसको ज्यान जाने गरेको छ। पहिरोमा परेर कतिपय मानिस घाइते हुन बाध्य छन् भने सवारीसाधनमा क्षति हुने गरेको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले बताउनुभयो।

## परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल विकास समिति

**थापाथली, काठमाडौं**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०८३।०६।०९)**

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा निम्नानुसारको कर्मचारी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र पासपोर्ट साइजको फोटो टाँस गरी तोकिएको दरखास्त फाराम भरी अस्पताल प्रशासन शाखामा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | पद | तह | सेवा | माग संख्या | परीक्षाको किसिम | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|
| १ | स्टाफ नर्स | पाँचौ | स्वास्थ्य | १५ | लिखित तथा अन्तर्वार्ता | मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाण–पत्र तह उत्तीर्ण गरी काउन्सिल दर्ता प्रमाणपत्र प्राप्त गरेको । |

१. **दरखास्त दिने स्थान** : परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, प्रशासन शाखा ।
२. **दरखास्त दिने मिति** : प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (२०८३।०६।२९ गते) दिनको ३ बजे भित्र ।
३. **उमेर हद** : १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
४. दरखास्त फाराम अस्पतालको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।
५. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरू** : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, **SLC\SEE** को प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित परिषद् दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (आफैले प्रमाणित गर्नुपर्ने) र उम्मेदवारको दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. **दरखास्त फाराम शुल्क** : रु. ६०० ।– अस्पतालको नगद काउन्टरमा जम्मा गरी दरखास्त साथ सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
७. **परीक्षा मिति** : दरखास्त दिने अन्तिम मितिसम्ममा अस्पतालको आधिकारिक **Website:https://pmwh.gov.np/ facebook Page** मा प्रकाशित गरिनेछ ।

**नोट** : आ.व २०८३।०८४ को लागि अस्पतालमा आवश्यक पर्ने स्टाफ नर्स (स. पाँचौ तह) को जनशक्ति यसै विज्ञापन बमोजिमको परीक्षाबाट छनोट भई प्रतीक्षा सूचीमा परेको नामावली अनुसार क्रमैसँग पदपूर्ति गरिनेछ ।

## Shahidnagar Municipality

**Office of the Municipal Executive**
**Yadukuha, Dhanusha**
**Madhesh Province, Nepal**

**Invitation for Bids**

**Date of Publication: 2083/06/09(25th Sep 2026)**

1. Shahidnagar Municipality, Office of the municipal Executive, Yadukuha, Dhanusha invites Sealed bids (Hard copy bids) from eligible Nepalese bidders for the following works under National Competitive bidding Single stage two envelope bidding procedure.

| S.N | Contract Name | Contract ID No | Bid Document Fee NRs (Non refundable ) | Bid Security (NRs) | Bid Validity / Bid security validity Period | Last date of Bid Purchase | Last Date of Bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Pole, wire & Transformer installation works within Shahidnagar Municipality | SNM/NCB/ WORKS/ 02/2083-84 | 5,000.00 | 18,00,000.00 | 90 /120 days | **15th Oct 2026, during office hrs** | **16th Oct 2026, within 12:00 hrs** | **16th Oct 2026, within 13:00 hrs.** |

2. Account Details for Bid documents & Bid Security Deposit

| | |
|---|---|
| For Bid Document Fee | Name of the Bank: Rastriya Banijay Bank Account no.: 1220100301010010<br>Name of Office: Shahidnagar Municipality, Yadukuha, Dhanusha. Office Code no. : 80217408300<br>Rajaswa (revenue) Shirshak no. :14229 |
| For Bid security | A/C Name: Shahidnagar Na.Pa.(Ga-3) - Dharauti A/C Account Number: 1220100303000010<br>Bank Name: Rastriya Banijay Bank (RBB) Address: Bhanuchauk Janakpurdham, Dhanusha<br>Office Code: 80217408300 |

3. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 4,54,27,000.00
4. Minimum Work experience of similar size and nature: One (1) No. of Project Completed with a value of NRs 2,42,28,000.00
5. Pre-bid meeting shall be held at 13:00 hrs on 2083/06/19 (5th Oct 2026) at Shahidnagar Municipality, Yadukuha, Dhanusha.
6. Under 1S2E, Bidders are required to submit simultaneously two separate sealed envelope, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the bidding document. Sealed bids ( Hard Copy ) must be submitted to the office Shahidnagar Municipality , Yadukuha, Dhanusha , Nepal by hand/courier on or before 12:00 on 2083/06/30 (16 th Oct 2026 ). Bids received after this deadline will be rejected.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. For more information contact Shahidnagar Municipality, dhanusha. Or 9851151425 or Shahidnagarmun.gov.np
9. Matters not covered by this notice shall be in accordance with Public procurement act 2063 (2nd ammendment), Public Procurement regulations 2064 ( 16th Ammendment) & Prevailing Rules & Regulations .
10. Shahidnagar Municipality reserves the right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Act. Chief administrative Officer**

## Government of Nepal

**Ministry of Infrastructure Development**
**Department of Roads**
**Federal Roads Supervision and Monitoring Office, Kathmandu**
**Road Division Hetauda, Makwanpur**

**Invitation or Bids**

**Tender Notice Number: 06-2083/084**
**Date of Publication: Sep 25, 2026 (2083-06-09)**

1. Road Division Hetauda invites Sealed Bids (Hard Copy) from eligible bidders for the following works:

| S.N. | Contract ID | Work Descriptions & Site | Est. Amount (Without VAT & Contingencies) NRs. | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | SRCTIP-DOR-WPM-RDHTD-NCB-56 | Periodic maintenance of a) Pathlaiya - Chure - Ratmate (NH 01- 029,030), km from 371.63 - 391.36, length 19.73 km, Bara, Makwanpur & b) Manmat (MRM) - Kalaiya - Matiarwa (IB) (NH 35-001) km from 0 - 26.66, length 26.66 km total length 46.39 km, Bara | N.A. | 82,00,000.00 | 90 Days/ 120 Days | 20000.00 |
| 2 | SRCTIP-DOR-WPM-RDHTD-CB-57 | Periodic maintenance of Hetauda - Samari - Bhaise - Lamidada (NH 41- 004, 005, 006), km from 25.36 - 54.68, length 29.32 total length 29.32 km, Makwanpur | N.A. | 62,00,000.00 | 90 Days/ 120 Days | 20000.00 |
| 3 | SRCTIP-DOR-WPM-RDHTD-NCB-58 | Periodic maintenance of Lamidada - Simbhanjyang - Palung (NH 41- 007, 008), km from 54- 69.68 and 77.32- 92.17, length 29.84 total length 29.84 km, Makwanpur | N.A. | 55,72,000.00 | 90 Days/ 120 Days | 20000.00 |

2. Information to deposit the cost of Bidding Document & Bid Security in the bank:

| Office Name | District Treasury Controller Office (Ko.Le.Ni.Ka.) Hetauda, Makwanpur | Contract No. | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Nepal Bank Limited, City Office, Hetauda | All | Oct 29, 2026 (2083-07-12) Time: 11:00 Hours | Nov 19, 2026 (2083-08-03) Time: 12:00 Hours | Nov 19, 2026 (2083-08-03) Time: 13:00 Hours |
| Rajaswa khata No. | 00101000000001001001 | | | | |
| Rajaswa shirshak No. | 14229 | | | | |
| Deposit Account No. | 02501000002003000001 | | | | |
| Office code No. | 337013201 | | | | |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
5. Bidders must submit Bid Security along with the Technical Bid as mandatory document.
6. Eligible Bidders may obtain further information at Road Division, Hetauda (Tel: 057-520311, email: roaddivisionhetauda@gmail.com).

**Division Chief**

## बूढानीलकण्ठ स्कुल, बूढानीलकण्ठ, काठमाडौँ

**बोलपत्र आह्वानसम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०९)**

बूढानीलकण्ठ स्कुललाई आ.व.२०८३/०८४ मा आवश्यक पर्ने निम्नानुसारका सामग्री आपूर्ति गर्न तथा स्कुल परिसरभित्र स्टल राखी बिक्री वितरण गर्न मूल्य अभिवृद्धि करमा दर्ता भएका सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त ब्यापारिक फर्महरूबाट देहाय बमोजिमका शर्तहरूको अधीनमा रही रीतपूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. बोलपत्र फाराम शुल्क (फिर्ता नहुने) बापत जम्मा गरिएको रसिद वा बैंक भौचर पेश गरी बोलपत्र फाराम स्कुलको प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ । बोलपत्र पेश गर्दा बोलपत्र जमानत बापतको रकम स्कुलको राष्ट्रिय वाणिज्य बैंक, बूढानीलकण्ठ शाखाको ब.हि.नं १६६०१००००१७४२००१ मा जम्मा गरेको सक्कल भौचर वा यस स्कुलको नाममा जारी गरिएको उक्त रकम बराबरको 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको जमानत (१२० दिन अवधि भएको) साथ अन्य कागजातहरू बोलपत्र साथ संलग्न गरी सूचना प्रकाशित भएको मिति देखि २१औं दिन (२०८३/०६/२९) को १२:०० बजे भित्र बोलपत्र पेश गर्नु पर्नेछ । सोही दिनको १:०० बजे प्रस्तावदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा स्कुल प्रशासन शाखामा बोलपत्र खोलिने छ । तर निजहरूको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
२. बोलपत्रको संकेत नम्बर अनुसार आ.व.२०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र, चालु आर्थिक वर्षमा नवीकरण भएको फर्म रजिष्ट्रेसन प्रमाण पत्र र मू.अ कर दर्ता प्रमाण पत्रको प्रतिलिपिहरू संलग्न राखी प्रत्येक कामको लागि छुट्टा छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।
३. रीतपूर्वक नभरिएको, फर्मको छाप र सहिछाप नभएको बोलपत्र उपर कुनै कारबाही हुने छैन । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बूढानीलकण्ठ स्कुलमा सुरक्षित रहने छ ।

**तपसिल**

| क्र.सं. | संकेत नं. | विवरण | अनुमानित लागत (मू.अ.कर बाहेक) | फाराम शुल्क | बोलपत्र जमानत |
|---|---|---|---|---|---|
| १. | १–०८३/०८४ | स्कुल पोशाक तथा बेडिङका सामग्रीहरू **(School Uniforms and Beddings Items)** स्कुल पोशाक तथा बेडिङ सामग्री आपूर्तिकर्ताले वार्षिक रु. १,२०,०००/– (एक लाख बीस हजार) भाडाबापत र थप सजावट शुल्क तिरी स्कुलले उपलब्ध गराएको बिक्री कक्षबाट दैनिक रुपमा सेवा उपलब्ध गराउनु पर्नेछ । | रु. १,५७,२४,१७०।– | रु. ३,०००।– | रु. ४,७१,७२५।– |
| २. | २–०८३/०८४ | शैक्षिक सामग्री **(Stationery)** शैक्षिक सामग्री आपूर्तिकर्ताले वार्षिक रु ३६,०००/– (छत्तीस हजार) भाडा तिरी स्कुलले उपलब्ध गराएको बिक्री कक्षबाट दैनिक रूपमा सेवा उपलब्ध गराउनु पर्नेछ । | रु. १०,१८,९२९।५० | रु. १,०००।– | रु. ३०,५६७।– |
| ३. | ३–०८३/०८४ | लुगा धुलाई सेवा **(Laundry Services)** लुगा धुलाई सम्बन्धी सेवा प्रदायकले स्कुल परिसरमा तोकिएको स्थानमा वार्षिक रु. १,२०,०००/– (एक लाख बीस हजार) भाडा बापत तिरी वा दैनिक रुपमा धुलाई गर्नु पर्ने लुगा उठाई लैजाने र पूर्ण रुपमा सफा गरी आइरन लगाई दैनिक रुपमा स्कुलको होस्टेलमा उपलब्ध गराउनु पर्नेछ । | रु. ४३,९१,७६०।– | रु. ३,०००।– | रु. १,३१,७५२।– |

**पुनश्च** : १. बोलपत्रमा उल्लिखित सामग्रीको नमुना मिति २०८३/०६/१५ देखि २०८३/०६/२३ सम्म कार्यालय समयमा स्कुलमा आफै उपस्थित भई हेर्न सकिनेछ ।
२. मिति २०८३/०६/२३ गते दिनको १:०० बजे स्कुलमा **Pre-bid meeting** राखिएको छ । उक्त बैठकमा उपस्थित भई सेवा तथा सामग्री आपूर्ति प्रक्रिया, नमुना र गुणस्तरसम्बन्धी जानकारी लिन सकिनेछ ।

**सूची दर्ता गर्ने सम्बन्धी सूचना**

सूची दर्ता गर्न इच्छुक कम्पनीहरूले फर्म/संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, मू.अ कर प्रमाणपत्र, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी २०८३/०६/२९ गते भित्र लिखित निवेदन दिनु पर्नेछ ।

| क्र.सं | विवरण | क्र.सं | विवरण |
|---|---|---|---|
| १. | कम्प्युटरको पार्टपूर्जाहरू आपूर्ति तथा मर्मत कार्य | ११. | फोटोकपी मेसिन मर्मत तथा टोनर आपूर्ति सम्बन्धी कार्य |
| २. | औषधी आपूर्ति कार्य | १२. | संगीतका सामग्री आपूर्ति र मर्मतसम्बन्धी कार्य |
| ३. | विज्ञान प्रयोगशालाका सामग्रीहरू आपूर्ति कार्य | १३. | सवारी साधन मर्मत सम्बन्धी कार्य |
| ४. | किचनका भाँडाकुडा तथा तत् सम्बन्धी अन्य सामग्रीहरू | १४. | मेसिनरी सामग्री मर्मत सम्बन्धी कार्य |
| ५. | खेलकुदका सामग्रीहरू | १५. | छपाइ सम्बन्धी कार्य |
| ६. | विज्ञापन सम्बन्धी कार्य | १६. | विद्युतीय सामग्री |
| ७. | फोटोग्राफी सम्बन्धी कार्य | १७. | प्लम्बिङ तथा स्यानिटरीका सामग्री |
| ८. | **Dish Washer Machine** को **Liquid Soap** आपूर्ति | १८. | कार्पेन्ट्रीका सामग्री |
| ९. | रंगरोगन सम्बन्धी सामग्रीहरू | १९. | हार्डवेयरका सामग्री |
| १०. | युरोगार्ड जडान तथा मर्मत सम्बन्धी कार्य | | |